नेपाल सरकार

संघिय मामिला तथा स्थानिय विकास मन्त्रलय

श्री बिर्तामोड नगरपालिका कार्यालय

बिर्तामोड , झापा

# हाइड्रोलिक ट्रिपर खरिद सम्बन्धी सिलबन्दी बोलपत्र आव्हानको सूचना

प्रथम पटक प्रकाशन मिति –(२०७३/११/०७)

यस कार्यालयका लागि हाइड्रोलिक ट्रिपर खरिद गर्नुपर्ने भएकोले नेपाल सरकार बाट इजाजत प्राप्त फर्म /कम्पनी/ संस्था वा सप्लायर्सले देहाय बमोजिमको शर्तहरुको अधिनमा रही रितपूर्वकको बोलपत्र पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ:

१. यो सूचना प्रकाशित भएको मिति देखी ३० औ दिनसम्म बोलपत्र फराम यस कार्यालयमा सम्वन्धित आपूतिकर्ता वा अधिकार प्राप्त प्रतिनिधिले अद्यावदिक नविकरण गरेको व्यवसाय दर्ताको प्रमाणित प्रमाणपत्र ,स्थायी लेखा नम्बर प्रमाणित प्रमाणपत्र,आ.व २०७२/०७३ सम्मको कर चुक्ता गरेको प्रमाणित पत्र वा आ.व २०७२/०७३ को कर/आय विवरण पेश गरेको प्रमाणित कागजात,उत्पादक फर्म वा कम्पनीलाई प्राप्त Authorization Letter को प्रमाणित प्रतिलिपि नियमनुसार को वोलपत्र दस्तुर रु.३०००।(पछि फिर्ता हुने गरी) निवेदन साथ पेश गरेपछि नियमानुसार बोलपत्र फारम यस कार्यालयबाट उपलब्ध गराइने छ।

२.खरिद गरिएको बोलपत्र फारमहरुको महलहरु स्पष्ट रुपमा भरी प्रत्येक पानामा सहिछाप गरि प्रथम पटक सूचना प्रकाशित भएको मितिदेखी ३१ औ दिनको १२.०० बजेभित्र यस कार्यालयमा उपस्थित भई बोलपत्र दर्ता गराउन सकिने छ।

३.बोलपत्र फारम साथ जमानत वापतको रकम यस नगरपालिका कार्यालयको नाममा राष्ट्रिय वाणिज्य बैङ्क भद्रपुर शाखामा रहेको धरौटी खाता न.२२१०३०३००३०३३ मा दखिला गरेको सक्कल भौचर वा यस कार्यालयको नाममा जारी भएको कम्तिमा १२० दिन म्याद भएको ( बोलपत्र बुझाउनेअन्तिम मितिदेखी ) नेपाल सरकारको मान्यता प्राप्त वाणिज्य बैङ्क बाट जारी भएको बिडबण्ड संलग्न गर्नु पर्ने छ । यसरी पेश गरिने जमानत वापतको भौचर वा बिडबण्ड यो सूचना प्रकाशित भएको मिति पछिकोलाई मान्यता दिईनेछ ।

४.दर्ता हुन आएका सिलबन्दी बोलपत्र फारामहरु यस कार्यालयमा बोलपत्रदाताहरु वा निजको प्रतिनिधिहरुको रोहवरमा ३०औ दिनको २.०० बजे खोलिने छ तर निजहरुको अनुपस्थितीमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन । फाराम खरिद गर्ने वा दाखिला गर्ने दिन सार्वजनिक विदा परेमा उक्त कार्यहरु विदा पछिको कार्यालय खुलेको दिन सोही समयमा हुनेछ ।

५.प्राप्त बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुराक्षित रहने छ । रित नपुगेको र म्याद नाघि आएका बोलपत्र उपर कुनै कारबाही गरिने छैन । बोलपत्रमा प्रत्येक आईटम दररेट भ्याटबाहेकको अंक र अक्षरमा बुझिने गरी भर्नुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ।

६.बोलपत्र सम्बन्धि अन्य शर्ततहरु बोलपत्र फारममा उल्लेख गरे बमोजिम हुनेछन् ।

७.अन्य कार्यविधिहरु स्थानीय निकाय आर्थिक प्रशासन सम्बन्धि नियमावली,२०६४ सार्वजनिक खरिद ऐन,२०६३ तथा सार्वजनिक खरिद नियमावली,२०६४ अनुसार हुनेछ ।

८.बोलपत्र सम्बन्धी थप जानकारी लागि बिर्तामोड नगरपालिका कार्यालयमा कार्यालय समयमा सम्पर्क गर्न सकिने छ।

| बोलपत्र/ ठेक्का नं. | कामको विवरण | आवश्यक संख्या | बोलपत्र फारम दस्तुर रु. | जमानत रकम |
|---|---|---|---|---|
| ०२/०७३/०७४ | हाइड्रोलिक ट्रिपरखरिद कार्य (बोलपत्र पुस्तिकामा संलग्न स्पेसिफिकेशन बमोजिम) | थान १(एक) | रु.१०००/- | रु.१०००००/- |